मितिः- २०८१।०४।१६ गते

समयः- दिउसो ११:०० बजे

स्थान:- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी।

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | गुनुमाया |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७. | शिक्षा शाखा प्रमुख | श्री अग्निधर पराजुली | |
| १८. | लेखा अधिकृत | श्री होवनाथ पौडेल | |
| १९. | सूचना अधिकृत | श्री ओम बहादुर थापा | |
| २०. | कृषि शाखा प्रमुख | श्री शुशिल पाण्डेय | |
| २१. | आलेप | श्री गोविन्द कार्की | |
| २२. | प्र.स्व.शाखा | श्री तिलक राना | |
| २०. | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २१ | का.स. | श्री पूर्णकला थापा | |

Scanned with CamScanner

प्रस्तावहरु

१. स्रोत विज्ञको विज्ञापन प्रकाशन सम्बन्धमा
२. गुन्द्रुक/सिन्की उत्पादनको कच्चा पदार्थको उत्पादन अनुदानको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा
३. हर्मिचौर स्वास्थ्य चौकीको लागि सरकारी तथा सार्वजनिक जग्गा उपयोग स्वीकृत लिने सम्बन्धमा
४. हर्मिचौर र अर्वेनी स्वास्थ्य चौकी भवनको डिपिआर तयार सम्बन्धमा।

निर्णयहरु

१. आर्थिक वर्ष ०८१।०८२ को लागि विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० बमोजिम २ वटा स्रोत विज्ञ पदको लागि विज्ञापन प्रकाशन गरी पदपूर्ति गर्ने।
२. कालिगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्वीकृत मुख्य मन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत गुन्द्रुक/सिन्की उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्पादनमा कृषकलाई कृषि उत्पादन अनुदान कार्यक्रम रहेकोले सोको कृषिक छनौटको लागि प्रस्तावना माग गर्न १० दिनको म्याद राखी सूचना प्रकाशन गर्ने
३. कालिगण्डकी गाउँपालिका वडा नं १ को हर्मीचौर स्वास्थ्य चौकीको हालको भवन सार्वजनिक जग्गामा संचालनमा रहेको, सो नजिक र अन्यन्त्र उपयुक्त स्थानमा निःशुल्क रुपमा स्वास्थ्य चौकीको लागि आवश्यक जग्गा उपलब्ध नभएको हुँदा साविक हर्मिचौर गाविस वडा नं ५ फरिन डाँडा स्थित हर्मिचौर गाउँ पञ्चायतको नाममा नापि रहेको कित्ता नं २११ को सरकारी जग्गा र कित्ता नं २१० को सार्वजनिक जग्गामा स्वास्थ्य चौकी भवन निर्माण गर्ने र सोको लागि आवश्यक जग्गा उपयोग स्वीकृतीको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने गरी भएको कालिगण्डकी गाउँपालिका वडा नं १ को वडा समितिको निर्णय तथा यस पूर्वका गाउँकार्यपालिकाको निर्णयअनुसार सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा (४) र भुमि ऐन २०२१ को दफा ५९(क) बमोजिम कित्ता नं २११ को सरकारी जग्गा र नपुग जग्गा २१० को सार्वजनिक जग्गा समेत बाट पुरा हुने गरी देहायअनुसारको जग्गा हर्मिचौर स्वास्थ्य चौकीको नाममा उपयोग स्वीकृतिका लागि सिफारिस गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंलाई अनुरोध गर्ने।

| सि.नं. | कित्ता नं. | क्षेत्रफल(रोपनी) | जग्गाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | २११ | ०-९-३-० | सरकारी (पंचालय भवन) | |
| २. | २१० | ६-१२-३-१ | सार्वजनिक जग्गा (गौचरन) | |

४. कालिगण्डकी गाउँपालिका वडा नं १ को हर्मिचौर स्वास्थ्य चौकी र वडा नं २ को अर्वेनी स्वास्थ्य चौकीको भवन निर्माण गर्न टाइप-ए डिजाइनको भवनको DPR तयार गरी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा भवन निर्माणको लागि अनुदान माग गरी पठाउने।

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner